# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं जेठ २६ गते २०३२ साल

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

भन्सार ऐन, २०१९ (संशोधन सहित) को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले ललितपुर जिल्लाको आनन्दवनस्थित आनन्दवन लेप्रोसी (मिशन) अस्पतालले आफ्नो प्रयोगको लागि संयुक्त अधिराज्यबाट खरीद गरी पैठारी गर्ने ल्याण्डरोवर गाडी थान एकमा लाग्ने भन्सार महसूल पूर्ण रूपले नलिने गरी छुट दिएको छ।

आज्ञाले–
श्रीनाथ पाण्डे
श्री ५ को सरकारको उप–सचिव

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

भन्सार एन, २०१९ को दफा ९ (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल कुष्ट रोग निवारण संघ (नेपाल लेप्रोसी रिलिफ एशोसियशन) लाई कुष्ट रोगीका केटाकेटीहरूमा वितरण गर्न स्विट्जरल्याण्डबाट प्राप्त हुने अन्दाजी ६,६०० स्वीस फ्रांक बराबरका दश बोरा पुराना लुगाहरूमा लाग्ने भन्सार महसूल पूर्ण रूपले नलिने गरी छुट दिएको छ।

आज्ञाले–
श्रीनाथ पाण्डे
श्री ५ को सरकारको उप–सचिव



959

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागू हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

952